कोड नं. ०४००३००११

# श्री जनता माध्यमिक विद्यालय

मेचीनगर न. पा. -३, तोपगाछी, झापा

स्थापित २०२१

प.स. ०८३/०८४

च.नं. ०२

मिति:-२०८३/०४/०५

**विषय : सरुवा सहमतिका लागि दरखास्त आह्वान सम्वन्धमा ।**

प्रस्तुत विषयमा यस विद्यालयको प्राथमिक तह तृतीय श्रेणीको रिक्त शिक्षक पदमा शिक्षा नियमावली २०५९ (दशौं संसोधन, २०८३) को नियम ९९ को सरुवा सम्वन्धी व्यवस्था अनुसार शिक्षक सरुवा प्रक्रियाबाट पदपूर्ति गर्ने मेचीनगर नगरपालिकाको च.न.११, मिति २०८३-०४-०१ को अनुमति र विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय बमोजिम उक्त पदका लागि योग्य शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मिति देखि १५ दिन (२०८३-०४-१९ गते दिनको ४:०० वजे) भित्र दरखास्त आह्वान गरिएको छ ।

**पेश गनुपर्ने कागजातहरु**

१.सरुवाको लागि निवेदन
२ नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
३.स्थायी/अस्थायी नियुक्तिपत्र, पदस्थापन पत्र र विद्यालयमा हाजिर भएको पत्रको प्रमाणित प्रतिलिपिहरु
४.असाधारण तथा बेतलवी विदा लिए/नलिएको सम्वन्धि प्रमाणित कागजात
५. शैक्षिक योग्यता (न्यूनतम र माथिल्लो) र तालिमका प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु
६. ख र ग वर्गका अपाङ्गताको परिचयपत्र भए सो को प्रमाणित प्रतिलिपि
७. गर्भवती भए मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट गर्भवती प्रमाणित भएको पत्रको प्रमाणित प्रतिलिपि
८.दुई बर्षभन्दा कम उमेरको बच्चा भएकी महिला भए बच्चाको जन्मदर्ताको प्रमाणित प्रतिलिपि
९.हाल कार्यरत विद्यालयको सरुवा सम्वन्धी निर्णयको प्रमाणित प्रतिलिपि र विद्यालयको सहमतिपत्र र विद्यालयमा हाजिर भएको पत्रको प्रमाण्ति प्रतिलिपिहरु
१०.सम्वन्धित स्थानीय तहको सहमतिपत्र
११.झापा जिल्ला वाहेकका जिल्लाबाट भए सम्वन्धित शिक्षा विकास तथा समन्वय इकाईको सहमतिपत्र
१२.शिक्षा नियमावली २०५९ को अनुसूचि १७ वमोजिमको फाराम

तोकिएको अवधिभित्र रितपुर्वक प्राप्त निवेदनहरु शिक्षा नियमावली २०५९(दशौं संसोधन ,२०८३) तथा प्रचलित कानुन बमोजिम मूल्याङ्कन गरि आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

उक्त अवधिभित्र आफनो निवेदनको हार्डकपि विद्यालयमा बुझाएर वा विद्यालयको इमेलमा पठाएर निवेदन दर्ता गर्न सकिनेछ । विद्यालयको इमेल : janatamnp2021@gmail.com सम्पर्क नं : ९८२४९७३४०१ (प्र.अ.),९८६२९२०६७४ (स.प्र.अ)

वोधार्थ

१. श्री शिक्षा विकास तथा समन्वय इकाई,झापा-जानकारी तथा वेबसाइटमा सूचना प्रकाशनको लागि
२. श्री मेचीनगर नगरपालिका, झापा- जानकारी तथा वेबसाइटमा सूचना प्रकाशनको लागि

( दीपक खनाल )

प्रधानाध्यापक

दीपक खनाल

प्रधानाध्यापक